आर्थिक वर्ष २०८१/०८२

# प्युठान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बर्हिगमन अभिमत (EXIT POLL) तथा नागरिक प्रतिवेदन (citizen Report Card) रिपोर्ट

बर्हिगमन अभिमत (EXIT POLL) र नागरिक प्रतिबेदन(citizen Report Card) रिपोर्ट

**संयोजन**

स्काईल्याण्ड मल्टिमिडिया प्रा.लि बिजुवार,प्युठान

सम्पर्क -०८६-४६०२६१

# प्युठान नगरपालिकाको  कार्यालय बिजुवार,प्युठान

आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक प्युठान नगरपालिकाको १० वटा वडामा संचालित नागरिक प्रतिबेदन रिपोर्ट र बर्हिगमन अभिमत(EXIT POLL) रिपोर्ट तयार पारेका छौ।


सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि हरेक वर्ष चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम गरिन्छ।त्यस्तै हरेक नागरिकले नागरिक प्रतिबेदन र बर्हिगमन अभिमत राख्न पाउने अधिकार संबिधानले सुनिश्चित गरेको छ। नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक  संबिधानले सुनिश्चित गरेको छ।

नागरिक प्रतिबेदन रिपोर्ट र बर्हिगमन अभिमत(EXIT POLL) रिपोर्ट  सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय निकायका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रकियालाई जनाउँछ। यसमा प्रश्नोत्तर विधिबाट अधिकारवाला र सेवाग्राहीबीच सेवा-प्रवाहका समस्या तथा जनसन्तुष्टिको स्थितिबारे समीक्षा गरी मूल्यांकन, सुझाब र पृष्ठपोषण प्रदान गरिन्छ। राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनिहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा सुविधा र वस्तुको गुणस्तरका बारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिन सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसका जिम्मेवार व्यक्ति र सेवाग्राहि नागरिकका बिच गरिने सार्वजनिक सुनुवाईका माध्यामबाट खोज्न सकिन्छ। यसरी संचालन गरिने सार्वजीक सुनुवाईबाट सार्वजनिक निकायहरुलाई उनीहरुले गरेको कामको पृष्ठपोषण पनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारवाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ। त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका बारेमा नागरिकहरुले गुण र दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुकका नागरिकको अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका व्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाक प्रश्नोत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ ।

यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ। आफ्नो कार्यालयले सचालन गरेका गतिविधिको प्रभावकारिताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ समेत लागु भएको छ। नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा २०५० साल पौष १३ गतेदेखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको मानिन्छ । पाँच वर्षसम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाइको अवधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका व्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ ।

**उद्देश्यः** स्थानीय निकायवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउने मुख्य उद्देश्य हो ।

**बर्हिगमन अभिमत (EXIT POLL) रिपोर्ट**




**नतिजाहरु**

२.वहिर्गमन अभिमत (Exit Poll ) पत्रमा सहभागीहरुको विवरण

वहिर्गमन अभिमतका लागि छनोट भएका ५११ जना मध्ये २०१ पुरुष र नतिजा ३१० महिलाहरु थिए।

| दलित | | जनजाति | | ब्राम्हण | | दलित | |
|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ८० | ७७ | ८८ | ३८ | ५० | २७ | १०५ | ४६ |

**नागरिक प्रतिबेदन रिपोर्ट**

नागरीक प्रतिवेदन फारामको प्रयोग गरी प्युठान नगरपालिकाको ११० जना सेवाग्राहीबाट सर्वेक्षण संकलन गरिएको थियो। नागरीक प्रतिवेदनमा दलित, जनजाति, बालबालिका, महिला एवम् पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो। संकलित सूचनाको विश्लेषणलाई रिपोर्टमा प्रस्तुत गरिएको छ ।

| सि नं. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन सख्यामा | | |
|---|---|---|---|---|---|
| १ | सेवाको सन्तुष्टि | तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ? | सन्तुष्ट | ठिकै | असन्तुष्ट |
| | | | ७५ | २५ | १० |
| | | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठिकै | असन्तुष्ट |
| | | | ८५ | १५ | १० |
| २ | सेवाको नियमितता | नागरीक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठिकै | असन्तुष्ट |
| | | | ७५ | ३० | ५ |
| | | कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति,समय पालना,कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | ७० | ४० | १० |
| | | तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ? | तिरेको छैन | भन्न चाहन्न | एकदमै कम |
| | | | ११० | - | - |
| | | यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ? | १ दिन | २ दिन | धेरै दिन |
| | | | ८५ | १५ | १० |
| ३ | सेवाप्रतिको जनविश्वास | यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | ४५ | ५५ | ५ |
| | | यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ? | धेरै | ठीकै | गरेको छैन, विश्वास छैन |
| | | | ४५ | ५५ | १५ |
| | | यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ? | धेरै | ठीकै | विश्वास छैन |
| | | | ८० | २५ | ५ |
| | | | छ | छैन | अलिअलि छ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ? | ४० | ५० | २० |
| ४ | सेवाको गुणस्तर | यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | कम सन्तुष्ट | असन्तुष्ट |
| | | | ७५ | २५ | १० |
| | | तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ? | आफै | ठूलाबडाको | मध्यस्थकर्ताको |
| | | | ९५ | ५ | १० |
| | | यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्या ? | १ पटक | २ पटक | सो भन्दा बढी |
| | | | ८० | २० | १० |
| ५ | सेवा सम्बन्धी जानकारी | कार्यालयको भौतिक अवस्था कस्तो छ ? | ऋति राम्रो | ठीकै | नराम्रो |
| | | | ९५ | १० | ५ |
| | | कार्यालयमा भएको नागरीक बडापत्र बारे तपाईलाई जानकारी छ ? | छ | आंशिक छ | कुनै जानकारी छैन |
| | | | ६० | ४० | १० |
| | | कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ? | राम्रो | ठीकै | नराम्रो |
| | | | ८० | २० | १० |
| | | सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ? | २० प्रतिशत जति | ५० प्रतिशत भन्दा कम | थाहा छैन |
| | | | ९० | १० | १० |
| | | परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ? | छ | ठिकै छ | प्रतिनिधित्व साह्रै कम छ |
| | | | ६० | ४० | १० |
| ६ | नागरीक बडापत्र / उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा | तपाईको विचारमा सेवाग्राहीले नागरीक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ? | धेरै | कम | गरेका छैनन |
| | | | ७० | २५ | १० |
| | | तपाईको विचारमा सेवाप्रदायकहरूले नागरीक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? | धेरै | ठीकै | अति कम |
| | | | ६५ | ३५ | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | धेरै | ठीकै | छैन |
| | | | १० | १५ | ८५ |

**प्युठान नगरपालिकाको सबै वडावासी संग वर्हिगमन अभिमत र नागरिक प्रतिबेदनका क्रममा लिएको सेवाग्राही संगको तस्बिर —**








CREATIVE
STAND FAN
GATTER






















LionKing
SHUNFA

